Kageshwori Manohara Journal ISSN:3149-7446
Volume 1, Issue 1, 2026

# कागेश्वरी मनोहरा नगरपालिकाको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता

**अल्का जोशी**
एम.फिल स्कोलर, ग्राजुएट स्कुल अफ एजुकेसन, त्रिभुवन विश्वविद्यालय
alkajoshiojha@gmail.com

**लेखसार**
प्रस्तुत अध्ययनले स्थानीय पाठ्यक्रमको संरचना, सान्दर्भिकता तथा उपयुक्तताको विश्लेषणमार्फत यसको प्रभावकारिता हेर्ने लक्ष्य राखेको छ। यसका लागि कागेश्वरी मनोहरा नगरपालिकाको स्थानीय पाठ्यक्रम ‘कागेश्वरी मनोहरा दर्पण’ तथा कक्षा १-५ का पाठ्यपुस्तकहरूको सान्दर्भिकता, क्रमबद्धता र अनुकूलताको विश्लेषण गरिएको छ। अध्ययनले जोन डिवेको प्रगतिशील शिक्षा दर्शन र अनुभवजन्य सिकाइ सिद्धान्तलाई आधारका रूपमा ग्रहण गर्दै गुणात्मक विश्लेषण विधी अपनाएको छ । प्राथमिक स्रोतका रूपमा पाठ्यक्रमको संरचना, पाठ्यपुस्तकमा समावेश सामग्री तथा अपेक्षित सिकाइ उपलब्धिहरू प्रयोग गरी नागार्जुन र बुढानीलकण्ठ नगरपालिकाका अभ्यासहरूसँग तुलनात्मक समीक्षा गरिएको छ । अध्ययनका निष्कर्षले कक्षा १-३ का पाठ्यपुस्तकहरू स्थानीय खेल तथा गीतमार्फत सिकाइ गराउने भएकाले बालकेन्द्रित र अनुभवमा आधारित ‘गरेर सिक्ने’ सिद्धान्तसँग मेल खाने देखाएको छ । माथिल्लो कक्षातर्फ बढ्दै जाँदा प्रयोगात्मक गतिविधिहरू घट्दै र सैद्धान्तिक सामग्री बढ्दै गएको पाइयो । विद्यार्थीको उमेरअनुकूल संज्ञानात्मक स्तरभन्दा पाठ्यक्रमको बजेट, विषयवस्तुको दार्शनिकता र तथ्याङ्कको जटिलता माथि रहेको सङ्केत गर्दछ । त्यसैले आगामी पाठ्यक्रम परिमार्जनमा सैद्धान्तिक भार घटाई बालमनोविज्ञानअनुकूल तथा क्रियाकलापमुखी सिकाइ गतिविधिहरूलाई प्राथमिकता दिनु आवश्यक रहेको निष्कर्ष प्रस्तुत अध्ययनले निकालेको छ।

शब्दकुञ्जी : अनुभवजन्य सिकाइ, बालमनोविज्ञान, सांस्कृतिक सम्पदा, स्थानीय पाठ्यक्रम, स्थानीय भूगोल

## विषयपरिचय

शिक्षालाई केन्द्रीय नियन्त्रण र सैद्धान्तिक दायराभन्दा स्थानीय समाजको आवश्यकता, संस्कृति र रैथाने परिवेशसँग जोड्ने माध्यम नै स्थानीय पाठ्यक्रम हो । केन्द्रद्वारा निर्माण गरिने शैक्षिक रूपरेखाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकतालाई त सम्बोधन गर्छ तर स्थानीय तहको विशिष्ट भौगोलिक यथार्थ, कला, संस्कृति, मौलिक पेसा र मूल्य मान्यतालाई पूर्ण रूपमा समेट्न सक्दैन (अधिकारी, २०८१ पृ. ११२) । ऐतिहासिक रूपमा हेर्दा, शैक्षिक विकेन्द्रीकरण र पाठ्यक्रम स्थानीयकरणको बहस बीसौँ शताब्दीको पूर्वाद्धदेखि नै विश्व परिवेशमा उठ्न थालेको पाइन्छ । विशेष गरी जोन डिवेको प्रगतिशील शिक्षाको सिद्धान्तले शिक्षालाई समाज र विद्यार्थीको वास्तविक

अनुभवसँग जोड्नुपर्ने वकालत गरेपछि यस अवधारणाले गति लिएको देखिन्छ । सन् १९७० र १९८० को दशकमा विकासोन्मुख देशहरूमा केन्द्रीकृत पाठ्यक्रमको असफलता र स्थानीय आवश्यकता उपेक्षा भएको महसुस गरिएपछि पाठ्यक्रम विकासमा 'तलबाट माथि जाने' (बटम-अप) प्रक्रियाको बहस तीव्र बन्यो (सुवेदी, सन् २०१८ पृ. ७१) । दक्षिण एसियाली परिदृश्यमा महात्मा गान्धीद्वारा अघि सारिएको भारतको 'बुनियादी शिक्षा' (वर्धा शिक्षा योजना) ले स्थानीय सिप, आत्मनिर्भरता र श्रमलाई शिक्षाको जग मान्ने प्रारम्भिक मार्गचित्र कोरेको थियो ।

नेपालको सन्दर्भमा ऐतिहासिक रूपमा राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले शैक्षिक केन्द्रीकरणलाई जोड दिए तापनि वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि विकेन्द्रीकरणको लहर सुरु भयो । शिक्षा ऐन २०२८ को विभिन्न संशोधन र तत्कालीन प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले विद्यालय तहमा स्थानीय विशेषता र आवश्यकता अनुकूलका पाठ्यसामग्री समावेश गर्ने कानुनी एवं नीतिगत आधारहरू प्रदान गरेका थिए । यसको जगमा १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्यापन गराउन सक्ने नीतिगत मार्ग प्रशस्त भयो । वर्तमान समयमा नेपालको राज्य संरचनामा आएको युगीन परिवर्तन र सङ्घीय शासन प्रणालीसँगै शिक्षा क्षेत्रमा नीतिगत तथा संरचनागत स्थानीयकरणको अभ्यास सुरु भएको छ। नेपालको संविधानले राज्य शक्तिको व्यवस्थित बाँडफाँड गर्दै स्थानीय तहलाई नागरिकको घरदैलोको स्वायत्त सरकारका रूपमा स्थापित गरेको छ (शैक्षिक सूचना, २०७८) । संवैधानिक प्रावधान अनुसार शिक्षाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ भने आधारभूत र माध्यमिक शिक्षाको पूर्ण कार्यअधिकार स्थानीय तहको एकल क्षेत्राधिकारभित्र सुम्पिएको छ (युनेस्को, सन् २०१४ पृ. १२) । यस व्यवस्थाले गर्दा भूगोल र समुदायको विशिष्टता अनुकूलको शैक्षिक योजना निर्माण गर्ने संवैधानिक मार्ग प्रशस्त भएको देखिन्छ । केन्द्रीकृत शासन प्रणालीमा स्थानीय आवश्यकताहरू, रैथाने सिप र मौलिक पहिचानहरू सधैँ ओझेलमा पर्ने हुनाले नै सङ्घीयताले मार्गनिर्देश गरेको यो शैक्षिक नीति आफैँमा एक अग्रगामी कदम हो । यसै संवैधानिक व्यवस्थालाई मूर्तरूप दिन र स्थानीय सरकारको कार्यक्षेत्रलाई स्पष्ट पार्न तर्जुमा गरिएको स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय आवश्यकता, पहिचान, संस्कृति र मौलिक विशेषतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने कानुनी अधिकार स्थानीय सरकारलाई प्रत्यायोजन गरेको छ ।

आधारभूत तहको पाठ्यक्रमलाई स्थानीयकरण गर्ने प्रक्रिया विभिन्न अन्तर्राष्ट्रिय कानुनी प्रावधान र नेपालको विद्यमान नीतिगत संरचनाद्वारा मार्गनिर्देशित रहेको छ। संयुक्त राष्ट्र सङ्घीय बालअधिकार सम्बन्धी महासन्धि (सन् १९८९) को धारा २९ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (सन् १९६६) को धारा १३ ले बालबालिकाको शिक्षा उनीहरूको आफ्नै सांस्कृतिक पहिचान, मातृभाषा र सामाजिक मूल्य मान्यताप्रति आदरभाव जगाउने हुनुपर्ने व्यवस्था गरेका छन् । त्यस्तै, सबैका लागि शिक्षासम्बन्धी विश्वव्यापी घोषणापत्र (सन् १९९०) र दिगो विकास लक्ष्यले पनि समावेशी, समतामूलक र व्यावहारिक सिपमा आधारित स्थानीयकृत पाठ्यक्रमको विकासलाई गुणस्तरीय शिक्षाको कडीका रूपमा स्विकारेका छन् । नेपालको नीतिगत धरातलमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहमा स्थानीय विषयका लागि निश्चित पाठ्यघण्टा छुट्याएर यसलाई कार्यान्वयनमा ल्याएका छन् ।

स्थानीय पाठ्यक्रम कार्यान्वयनका क्षेत्रमा भएका पूर्व प्राज्ञिक अनुसन्धानहरूले नीतिगत प्रबन्ध र कक्षाकोठाको व्यावहारिक अभ्यासबिच रहेका विभिन्न पाटाहरूलाई केलाएका छन् । सुवेदी (सन् २०१८) ले आफ्नो अध्ययनमा संस्थागत संयन्त्रको कमजोरी र प्राविधिक दक्षताको कमीले गर्दा ऐनका प्रावधानहरू पूर्ण रूपमा कक्षाकोठामा लागु हुन नसकेको उल्लेख गरेका छन् । अधिकारी (२०८१) को अनुसन्धानले स्थानीय तहमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा विज्ञहरूको मात्र सहयोग लिइने र समुदायको आवश्यकता ओझेलमा पर्ने गरेको तथ्य उजागर गरेको छ । शिक्षकहरूको शिक्षण कौशल र सामग्रीहरूको अभावले गर्दा स्थानीय विषय पनि परम्परागत घोकन्ते विधिकै आधारमा शिक्षण भइरहेको र यसले बालबालिकामा मानसिक बोझ सिर्जना गरेको अधिकारी (२०८१) को तर्क छ । लामा (२०६८) को शोधपत्रले पनि विषयगत शिक्षकको अभाव र स्रोत साधनको कमीका कारण स्थानीय पाठ्यक्रमको मर्म कक्षाकोठासम्म पुग्न नसकेको निष्कर्ष निकालेको छ । यसरी हेर्दा, स्थानीय पाठ्यक्रमका विषयमा नीतिगत विश्लेषण र व्यवस्थापकीय चुनौतीका बारेमा अध्ययनहरू उपलब्ध भए पनि पाठ्यपुस्तकको वास्तविक अन्तरवस्तु विश्लेषण (Content Analysis) भएको देखिँदैन । विशेष गरी पाठ्यक्रममा समाविष्ट विषयवस्तुहरू विद्यार्थीको उमेर, संज्ञानात्मक क्षमता, स्थानीय विविधता र परिवेससँग अनुकूल र सान्दर्भिक छन् वा छैनन् भनी सामग्रीको तहमा सूक्ष्म अध्ययन गर्न आवश्यक रहेको छ ।

यसै सन्दर्भमा काठमाडौँ उपत्यकाको उत्तर-पूर्वी क्षेत्रमा अवस्थित भौगोलिक, ऐतिहासिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणले विशिष्ट पहिचान बोकेको कागेश्वरी मनोहरा नगरपालिकाले आधारभूत तहमा स्थानीय पाठ्यक्रम 'कागेश्वरी मनोहरा दर्पण' लागू गरेको छ । स्थानीय विशेषताहरूलाई शैक्षिक धारमा संस्थागत गर्ने उद्देश्यले तर्जुमा गरिएको यस पाठ्यक्रमको कुल पूर्णाङ्क १०० रहेको छ । यो अध्ययनको मुख्य उद्देश्य उक्त कागेश्वरी मनोहरा नगरपालिकाद्वारा निर्मित स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको सान्दर्भिकता एवं कक्षागत उपयुक्तताको विश्लेषण गर्नु हो ।

यो अध्ययन स्थानीय तहमा पाठ्यक्रम कार्यान्वयनको वास्तविक अवस्था बुझ्न र कक्षाकोठाका सामग्रीहरूलाई बालमनोविज्ञान अनुकूल बनाउनका लागि औचित्यपूर्ण रहेको छ । यो अनुसन्धान आगामी दिनमा स्थानीय पाठ्यक्रम परिमार्जनमा संलग्न हुने नगरपालिकाको शिक्षा शाखा, पाठ्यक्रमविद् र पाठ्यपुस्तक लेखकहरूका लागि नीतिगत मार्गचित्र र वास्तविक पाठ्यांशबिचको खाडल पहिचान गर्ने तथ्यगत आधार बन्न सक्दछ । यसका साथै, मिश्रित भौगोलिक र सामाजिक बनोट भएका अन्य उपसहरी स्थानीय तहहरूका लागि पनि यो अध्ययन आआफ्नो क्षेत्रमा पाठ्यक्रमको लचिलोपन र वैकल्पिक क्रियाकलापहरू निर्धारण गर्न एउटा प्राज्ञिक मार्गदर्शक बन्ने देखिन्छ भने जोन डिवेको अनुभवजन्य सिकाइको दर्शनलाई स्थानीय पाठ्यक्रमको कसीमा राखेर सामग्री विश्लेषण गर्ने पद्धतिको विकासमा समेत यसले सैद्धान्तिक योगदान पुऱ्याउने छ ।

यो अनुसन्धानमा गुणात्मक अनुसन्धान ढाँचा र सामग्री विश्लेषण विधिमा अन्तर्गत नगरपालिकाद्वारा स्वीकृत स्थानीय पाठ्यक्रम र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरूलाई मात्र प्राथमिक स्रोतका रूपमा लिई विश्लेषण गरिएको छ । विद्यालयहरूमा यो पाठ्यक्रम कुन रूपमा अध्यापन भइरहेको छ र कक्षाकोठामा शिक्षक तथा विद्यार्थीको प्रत्यक्ष अनुभव कस्तो रहेको छ भन्ने पक्षलाई यसमा समेटिएको छैन । त्यसैले यसबाट प्राप्त निष्कर्षहरू

केवल पाठ्यसामग्रीको आन्तरिक बनोट, पाठ्यांश र विधागत थिमहरूको सान्दर्भिकता मूल्याङ्कनमा मात्र लागु हुने छन् ।

**अध्ययनको विधि**

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिअन्तर्गत व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित रहेको छ। यस विधिअन्तर्गत कागेश्वरी मनोहरा नगरपालिकाद्वारा स्वीकृत स्थानीय पाठ्यक्रम र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक दुवैको प्रामाणिक 'विषयवस्तु विश्लेषण' विधिलाई अनुसन्धानको मुख्य प्राविधिक औजारका रूपमा प्रयोग गरिएको छ । पाठ्यक्रमको सान्दर्भिकता मापन गर्ने मापदण्ड निर्धारण गर्नका लागि डिवेको पुस्तक ' एक्सपेरयन्स एन्ड एजुकेसन' (Experience and Education) बाट चारवटा सैद्धान्तिक विश्लेषण एकाइहरू तय गरिएका छन् । पहिलो एकाइ 'अनुभवको निरन्तरता' ले बालबालिकाको पूर्वज्ञान र नयाँ विषयवस्तुबिचको शृ‍ृ ला मापन गर्दछ। दोस्रो एकाइ 'अन्तर्क्रिया' ले विषयवस्तु र बालबालिकाको आन्तरिक मनोविज्ञानबिचको सामीप्य हेर्दछ। तेस्रो एकाइ 'सामाजिक सान्दर्भिकता' ले सामग्री र स्थानीय समुदायको पर्यावरणबिचको सम्बन्ध केलाउँदछ। चौथो एकाइ 'प्रगतिशील रूपान्तरण' ले सामग्रीले घोकन्ते विधिको सट्टा व्यावहारिक सिप प्रवर्धन गरे वा नगरेको परीक्षण गर्दछ। यही वैचारिक कसीमा राखेर कागेश्वरी मनोहरा नगरपालिकाको स्थानीय पाठ्यक्रम ' कागेश्वरी मनोहरा दर्पण' को प्राथमिक तह 'हाम्रो कागेश्वरी मनोहरा' २०८० (चौथो परिमार्जित संस्करण, कक्षा १-५) का पाठ्यपुस्तकहरूको विश्लेषण गरिएको छ।

बालबालिकाको सिकाइ क्षमता निश्चित उमेरगत संज्ञानात्मक चरणसँग प्रत्यक्ष सम्बद्ध हुने भन्ने पिएजे (सन् १९५२) को संज्ञानात्मक विकास सिद्धान्तले पाठ्यपुस्तकमा रहेका जटिल तथ्याङ्क र दार्शनिक विषयवस्तु विद्यार्थीको उमेरजन्य क्षमताभन्दा माथि रहेको यस अध्ययनको दाबीलाई सैद्धान्तिक जग प्रदान गर्दछ। त्यसैगरी, सिकाइ सामाजिक र सांस्कृतिक अन्तरक्रियाबाटै सम्भव हुन्छ भन्ने भाइगोत्स्की (१९७८) को मान्यताले स्थानीय पाठ्यक्रमले समुदाय, संस्कृति र स्थानीय परिवेशलाई सिकाइको आधार बनाउनुपर्ने तर्कलाई थप वैधता दिन्छ। अध्ययनको विधिगत पक्षका लागि क्रिपेनडोर्फ (सन् २०१८) को विषयवस्तु विश्लेषण सम्बन्धी मार्गदर्शनलाई आधार मानिएको हो जसअनुसार पाठ्यपुस्तकका पाठ्यांशलाई पूर्वनिर्धारित विधागत थिमअनुसार वर्गीकृत गरी व्यवस्थित रूपमा विश्लेषण गरिएको छ।

स्थानीय पाठ्यक्रम र सामग्री विश्लेषणका क्षेत्रमा भएका क्लिफर्ड (२०१५), सुवेदी (२०१८) तथा अधिकारी (२०८१) का अध्ययनहरूले पनि स्थापित शिक्षाशास्त्रीय मापदण्ड र सूचकका आधारमा पाठ्यसामग्रीको मूल्याङ्कन गर्ने परिपाटी अपनाएका छन् । यही पद्धतिको अनुसरण गर्दै प्रस्तुत अनुसन्धानमा पनि सामग्री विश्लेषणको प्रामाणिक आधार तय गरिएको छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसअन्तर्गत नगरपालिकाद्वारा स्वीकृत स्थानीय पाठ्यक्रम र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरूको विषयवस्तु विश्लेषण विधि प्रयोग गरिएको छ । पाठ्यक्रमको परिकल्पना र वास्तविक विषयवस्तुबिचको शृ‍ृ ला केलाउन प्राथमिक सामग्रीका रूपमा 'एकाइगत पाठ्यक्रम संरचना तालिका' निर्माण गरी स्थानीय भूगोल, सांस्कृतिक सम्पदा र भाषा, प्राकृतिक सम्पदा र पर्यावरण, स्थानीय उत्पादन र अर्थतन्त्र, तथा मानवीय मूल्य र नैतिक शिक्षा गरी पाँचवटा मूल विधागत थिमहरू पहिचान गरिएको छ । पाठ्यपुस्तकका प्रत्येक पाठलाई डिवेको पुस्तक 'एक्सपेरियन्स

एन्ड एजुकेसन' बाट लिइएका चारवटा सैद्धान्तिक विश्लेषण एकाइहरूको कसीमा राखी यी पाँचवटा थिमभित्र वर्गीकरण गरेर विश्लेषण गरिएको छ। प्राज्ञिक पुष्ट्याइँका लागि कानुनी दस्तावेज र शोधपत्रहरूको समीक्षा गर्दै अन्य स्थानीय सरकारका अभ्यासहरूसँग समेत तुलनात्मक विश्लेषण गरिएको छ।

**नतिजा र विमर्श**

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा स्थानीय आवश्यकता, द्रुत सहरीकरणको चाप र विशिष्ट मौलिक पहिचानलाई संस्थागत गर्ने लक्ष्यका साथ कार्यान्वयनमा ल्याइएको स्थानीय पाठ्यक्रम 'कागेश्वरी मनोहरा दर्पण' (कक्षा १-५) ले शिक्षालाई सामाजिक रूपान्तरण र स्थानीयकरणको गतिशील संवाहकका रूपमा अङ्गीकार गरेको छ। जोन डिवेको प्रगतिशील शिक्षाको सिद्धान्त र अनुभवजन्य सिकाइको दर्शनलाई मूल दार्शनिक आधार बनाइएको यस पाठ्यक्रमले केन्द्रीकृत शैक्षिक ढाँचाभन्दा भिन्न रही रैथाने ज्ञान र बालबालिकाको जीवन्त परिवेशलाई कक्षाकोठासँग जोड्ने सेतुको कार्य गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ का मूलभूत मान्यताअनुरूप तर्जुमा गरिएको यस दस्तावेजले ज्ञानलाई केवल कण्ठ गर्ने विधा नबनाई क्रियाकलापमा आधारित सक्रिय सिकाइ र गरेर सिक्ने प्रणालीमा ढालेको देखिन्छ। विषयवस्तुको आन्तरिक बनोटलाई सूक्ष्म रूपमा केलाउन र यसको कक्षागत शृङ्खला मापन गर्नका लागि पाठ्यपुस्तकमा समाविष्ट पाठ्यांश र अपेक्षित सिकाइ उपलब्धिका आधारमा एउटा एकीकृत संरचना तालिका तयार पारिएको छ। तालिकामा प्रस्तुत एकाइगत विभाजनलाई हेर्दा पाठ्यक्रमले सातवटा मुख्य विधागत क्षेत्रहरूलाई कक्षा १ देखि ५ सम्म सरलबाट जटिलको शिक्षाशास्त्रीय सिद्धान्तअनुरूप क्रमिक रूपमा विस्तार गरेको पाइन्छ जसको विस्तृत रूपरेखा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १**

**'कागेश्वरी मनोहरा दर्पण' पाठ्यक्रमको कक्षागत र एकाइगत विषयवस्तुको रूपरेखा** (**कक्षा १–५**)

| एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| एकाइ १ | **हाम्रो नगर**<br>• हाम्रो नगर (मठ, मन्दिर परिचय)<br>• मेरो टोल<br>• मेरो घर | **हाम्रो नगर**<br>• मेरो विद्यालय<br>• मेरो साथीको घर<br>• मेरो वडाको बस्ती<br>• कागेश्वरी नगरपालिकाका वडाहरू | **हाम्रो नगर**<br>• मेरो नगर<br>• हाम्रो नगर<br>• मेरो नगर<br>• मेरा छिमेकी वडाहरू<br>• नगरपालिकाका वडाहरूको परिचय | **हाम्रो नगर**<br>• भौगोलिक बनावट तथा सिमाना<br>• मानव बस्ती र वितरण | **हाम्रो नगर**<br>• हाम्रो नगरपालिका<br>• क्षेत्रफल र जनसंख्या<br>• शैक्षिक संस्थाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| एकाइ २ | **सामाजिक सांस्कृतिक सम्पदा**<br>• मेरा काम र भाषा (दैनिक कार्य)<br>• नाचौँ गाऔँ र खेलौँ | **सामाजिक सांस्कृतिक सम्पदा**<br>• कपडाको पुतली<br>• गाऔँ र नाचौँ<br>• सांस्कृतिक स्थल<br>• स्थानीय बाजा, खेल<br>• मेरो परिचय | **सामाजिक सांस्कृतिक सम्पदा**<br>• चाडपर्व, जात्रा , मेला<br>• गीत, सङ्गीत र बाजा<br>• माटो र काठका सामान<br>• परम्परागत प्रविधिको<br>• स्थानीय खेल | **सामाजिक सांस्कृतिक सम्पदा**<br>• स्थानीय सम्पदा र चाडपर्व<br>• चर्खा र कोल | **सामाजिक सांस्कृतिक सम्पदा**<br>• हाम्रा परिकार<br>• स्थानीय लोकगीत<br>• स्थानीय प्रविधि<br>• तुलसी मेहर श्रेष्ठ |
| एकाइ ३ | **प्राकृतिक सम्पदा**<br>• मेरो टोलका नदी र सडक<br>• सजिनाको गाउँको कथा<br>• विनाशको फूलबारी<br>• कागेश्वरी मनोहरा मन्दिर<br>• सामुदायिक वन | **प्राकृतिक सम्पदा**<br>• पुष्प प्रदर्शनी<br>• बाटो, धारा, नदी, पोखरी र पुल<br>• हाम्रा जडीबुटी<br>• हाम्रो | **प्राकृतिक सम्पदा**<br>• बाटो, धारा र नदी<br>• पर्यटन<br>• प्राकृतिक स्रोतहरू<br>• स्रोत संरक्षणमा सहयोग<br>• फोहरमैला व्यवस्थापन<br>• सरसफाई | **प्राकृतिक सम्पदा**<br>• मनिताको यात्रा डायरी<br>• प्राकृतिक स्थल<br>• तरकारी गोडमेलका तरिका<br>• विद्यालयमा | **प्राकृतिक सम्पदा**<br>• ऐतिहासिक र पर्यटकीय स्थल<br>• होमस्टे र होटल<br>• सामुदायिक वन<br>• जीवजन्तु र पंक्षी |
| एकाइ ४ | **स्थानीय उत्पादन**<br>• हाम्रो परिवारले गर्ने काम<br>• घरका सामान (काठ, माटो, कपडा) | **स्थानीय उत्पादन**<br>• हाम्रा छिमेकीले गने काम<br>• करेसाबारी | **स्थानीय उत्पादन**<br>• पेसा तथा व्यवसायहरू<br>• फलफूल तथा तरकारीको भण्डारण | **स्थानीय उत्पादन**<br>• हाम्रा स्थानीय उद्योग<br>• साना तथा घरेलु उद्योगहरू<br>• अर्गानिक खेती | **स्थानीय उत्पादन**<br>• हाम्रो कृषि पेसा<br>• कौसी खेती<br>• परिवारको हर हिसाब र बजेट |

| | | | | | |
|---|---|---|---|---|---|
| एकाइ ५ | **संस्कार सहितको शिक्षा**<br>• प्रकृतिलाई नमस्कार<br>• दैनिक सरसफाइ<br>• कुकुर र बिरालोको कथा | **संस्कार सहितको शिक्षा**<br>• हाम्रा चाडपर्व<br>• सहयोग र दान<br>• व्यायाम र ध्यान<br>• पिँजडामा सुगा | **संस्कार सहितको शिक्षा**<br>• हाम्रो खानपान<br>• शारीरिक कसरत<br>• व्रत र उपवास<br>• स्तुति, बुद्धि परीक्षा | **संस्कार सहितको शिक्षा**<br>• शुद्ध आहार र विहार<br>• आमाको सम्मान<br>• संसार एक परिवार | **संस्कार सहितको शिक्षा**<br>• नागरिक कर्तव्य<br>• योग<br>• सूर्यताप चिकित्सा<br>• गीता सन्देश |
| एकाइ ६ | **शास्त्रीय भाषा**<br>• स्वरवर्णउच्चारण अभ्यास<br>• प्राकृतिक शब्दबोध<br>• व्यावहारिक शब्दबोध | **शास्त्रीय भाषा**<br>• प्रचलित शब्दबोध<br>• प्रचलित संख्याबोध<br>• वार्तालाप | **शास्त्रीय भाषा**<br>• व्यञ्जनवर्ण उच्चारण | **सिप तथा पेसागत आचरण**<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• वैयक्तिक सिप<br>• टाइपिङ सिप | **सिप तथा पेसागत आचरण**<br>• व्यवस्थित सोचाइ सिप<br>• रचनात्मक सिप<br>• नेतृत्व सिप<br>• अभिलेखीकरण |
| एकाइ ७ | | | | **शास्त्रीय भाषा**<br>• जन्तवः<br>• मम दिनचर्या<br>• वासरनामानि<br>• हास्यपद्ये | **शास्त्रीय भाषा**<br>• विद्यामहत्वम्<br>• योगमुद्रा<br>• हास्यकणिका<br>• परम्परा |

प्रस्तुत विषयवस्तुलाई संश्लेषण गरी मुख्य पाँचवटा थिमहरूमा राखिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकका विभिन्न एकाइहरूमा रहेका तर आन्तरिक रूपमा एउटै प्राज्ञिक उद्देश्य बोकेका सामग्रीहरूलाई व्यवस्थित गर्न र अध्ययनको विश्लेषणलाई बढी सान्दर्भिक बनाउन यस किसिमको थिमगत वर्गीकरण गरिएको हो । जसअनुसार तालिकाको पहिलो एकाइमा प्रस्तुत नगरको भौगोलिक अवस्थिति, प्रशासनिक बनोट र वडागत परिचयलाई समेटेर 'स्थानीय भूगोल' पहिलो थिमको रूपमा रहेको छ । दोस्रो, छैटौँ र सातौँ एकाइमा रहेका सांस्कृतिक पहिचान, रैथाने सिप, भाषिक दक्षता, सञ्चार कौशल र संस्कृत भाषा/साहित्यजस्ता अन्तरसम्बन्धित विधाहरूलाई एकीकृत गरी 'सांस्कृतिक सम्पदा र भाषा' दोस्रो थिम तयार पारिएको छ । तेस्रो एकाइमा समेटिएका वातावरणीय चेतना, प्राकृतिक स्रोतको उपयोग र स्थानीय पर्यटकीय स्थलहरूलाई 'प्राकृतिक सम्पदा र पर्यावरण' तेस्रो थिमअन्तर्गत राखेर हेरिएको छ भने चौथो एकाइको स्थानीय अर्थतन्त्र, कौसी खेती र उद्यमशीलताका पाटाहरूलाई 'स्थानीय उत्पादन' चौथो थिममा रूपान्तरण गरिएको छ । अन्तमा, पाँचौँ एकाइमा उल्लिखित नैतिक शिक्षा, नागरिक कर्तव्य र आध्यात्मिक चिन्तनलाई बालबालिकाको सर्वाङ्गीण चरित्र निर्माणसँग जोड्दै 'मानवीय मूल्य' पाँचौँ थिमका रूपमा संश्लेषण गरिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकका यिनै पाँचवटा मूल विधागत थिमका आधारमा निम्नानुसार विमर्श गरिएको छ :

**स्थानीय भूगोल**

पाठ्यपुस्तकहरूले नजिकबाट टाढाको क्षेत्र बुझ्ने शिक्षाशास्त्रीय सिद्धान्तलाई आधार बनाएको देखिन्छ । बालबालिकाको मानसिक विकासको गतिलाई ध्यानमा राख्दै कक्षा १ मा स्थानीय परिचय र मेरो टोलअन्तर्गत आफ्नो नगरपालिकाको नाम, आफू बस्ने टोलको वातावरण र घरका प्रकारको प्रत्यक्ष चिनारी जस्ता नजिकका विषयवस्तु राखिएका छन् । कक्षा २ मा यसको दायरालाई थोरै फराकिलो बनाउँदै हाम्रो नगरअन्तर्गत विद्यालको परिचय, मेरो साथीको घर शीर्षकमा कक्षा एकको पाठमा घरको प्रकार मात्र छुट्याइएको छ भने दुई कक्षामा साथीको घर कस्तो प्रकारको छ र कति तला, कति कोठा छन् भनि वर्णन गरिएको छ। त्यस्तै पाठ चारमा कागेश्वरी मनोहरा नगरपालिकामा रहेका सम्पूर्ण वडाको बारेमा चर्चा गरिएको छ। कक्षा ३ मा पुगेपछि विद्यार्थीहरूले मेरो वडाको बस्ती, छिमेकी वडा र कागेश्वरी मनोहरा नगरपालिकाका वडाहरूको परिचयअन्तर्गत आफ्नो वडाको जनसङ्ख्या र नगरपालिकाको नौवटा वडा समेटिएको नक्सा पहिलो पटक देख्छन् । यसले बालबालिकामा भूगोलसम्बन्धी प्रारम्भिक ज्ञानको जग बसाल्न सहयोग गरेको छ। कक्षा ४ मा यो सिकाइ अझ फराकिलो बनेको छ। त्यहाँ कागेश्वरी मनोहरा नगरपालिकाका वडाहरूको प्राकृतिक सिमाना, कुल क्षेत्रफल, प्रत्येक वडाको ऐतिहासिक चिनारी र नगरभित्र मानव बस्तीको अवस्थाका बारेमा जानकारी गराइएको छ । कक्षा ५ को पाठ्यक्रममा साबिकको भन्दा अझ बढी विस्तार गरेर नगर पहिचान र भौगोलिक विश्लेषण, शैक्षिक संस्थाहरूअन्तर्गत नगरको कुल क्षेत्रफल, जातजाति अनुसारको जनसङ्ख्या, सार्वजनिक सम्पदा, स्थानीय शैक्षिक संस्था तिनको विवरण सङ्ख्या र साक्षरताको अवस्थाको बनावटजस्ता परिपक्व विषयहरू राखेको देखिन्छ।

पाठ्यक्रम र पाठ्यपुस्तकको संरचना, राष्ट्रिय मापदण्ड र बालबालिकाको उमेरअनुकूलताका दृष्टिकोणबाट हेर्दा यसमा केही परिमार्जन गर्नुपर्ने देखिन्छ। पाठ्यपुस्तकको वर्तमान संरचना र विषयवस्तुको गहनता कतिपय ठाउँमा प्राथमिक तहका बालबालिकाको संज्ञानात्मक स्तर र उमेरभन्दा बढी सैद्धान्तिक भएको पाइन्छ। विशेष गरी कक्षा ३ र ४ को सुरुवाती चरणमै समावेश गरिएका प्रशासनिक सिमाना, वडागत जनसङ्ख्याको बनोट र कुल क्षेत्रफल जस्ता गणितीय तथ्याङ्कहरू बालबालिकाको उमेरका हिसाबले केही बोझ हुने देखिन्छन् । राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेको मापदण्डअनुसार स्थानीय विषयवस्तु बढी मात्रामा व्यावहारिक, अनुभवजन्य र गरेर सिक्ने ढाँचाको हुनुपर्ने भए पनि पाठ्यपुस्तकको संरचनामा तथ्याङ्क र कण्ठ गर्ने परिपाटीलाई स्थान दिइएको महसुस हुन्छ। सहरी क्षेत्रका विद्यालयका विद्यार्थीका लागि जुन विषय नौलो लाग्न सक्छ, त्यही कुरा ग्रामीण क्षेत्रका विद्यार्थीका लागि सामान्य अनुभव हुन सक्छ । त्यसैले यो असमानतालाई कम गर्न र बालमनोविज्ञानअनुरूप सिकाइलाई दिगो बनाउन आगामी परिमार्जनमा सैद्धान्तिक विवरणहरूलाई कम गरी उमेर सुहाउँदा प्रयोगात्मक क्रियाकलापहरू थप गर्नुपर्ने आवश्यक देखिन्छ। यसका साथै आधुनिक युगका बालबालिकाको प्रविधिप्रतिको रुचिलाई ध्यानमा राख्दै परम्परागत चित्रका अलावा डिजिटल नक्सा, गुगल म्यापको सहज प्रयोगमार्फत उमेरअनुसार अभ्यास गराउन सकेमा पाठ्यक्रमको वास्तविक उद्देश्य हासिल हुन सक्नेछ।

**सांस्कृतिक सम्पदा र भाषा**

पाठ्यपुस्तकको दोस्रो, छैटौँ र सातौँ एकाइमा समावेश गरिएका सामग्रीहरूले बालबालिकालाई आफ्नो सांस्कृतिक परिवेश बुझ्न सघाएका छन् । कक्षा १ देखि ३ सम्मको पाठ्यक्रममा बालबालिकाको काम, उनीहरूले प्रयोग गर्ने

भाषा, गीत, नृत्य, स्थानीय खेल र बाजा,चाडपर्व, जात्रा मेला, माटो र काठका सामान कपडाको पुतली बनाउने जस्ता रचनात्मक क्रियाकलाप राखिएका छन् । यसले बालबालिकाको शारीरिक र संवेगात्मक विकासलाई सहयोग पुऱ्याएको छ। कक्षा ४ र ५ मा पुगेपछि स्थानीय बाजा, जात्रा, मेला, परम्परागत प्रविधि र समाजसेवामा तुलसी मेहर श्रेष्ठको योगदान जस्ता विषयहरू समेटिएका छन्। यसले नगरको ऐतिहासिक र भाषिक पहिचानलाई बालबालिकासामु ल्याउन खोजेको देखिन्छ जसले गर्दा बालबालिकाले आफ्नो संस्कृति बुझ्ने र देशका महत्त्वपूर्ण व्यक्तित्वले समाजका लागि गरेका योगदान बुझ्न पाउँछन्।

विश्लेष्य पाठ्यक्रमको सकारात्मक पक्ष भनेको प्रारम्भिक कक्षाहरूमा बालमनोविज्ञानको रुचिअनुसार अभिनय र कलालाई जोड दिनु हो । साना बालबालिकाहरू संस्कृतिलाई पढेरभन्दा पनि आफैँ सहभागी भएर वा नाटक र खेलका माध्यमबाट चाँडो सिक्छन्। सुरुका तीन कक्षामा यो शैक्षिक मान्यतालाई राम्रोसँग पालना गरिएको छ तर कक्षा ४ र ५ मा पुगेपछि सिकाइको शैलीमा केही फेरबदल भएको देखिन्छ। सुरुका कक्षामा रहेको सक्रिय सहभागिता बढी छ भने माथिल्लो कक्षामा पुग्दा इतिहास र सैद्धान्तिक पक्षमा जोड दिएको देखिन्छ। चर्खा, कोल वा पुराना प्रविधिको अध्ययन गराउँदा ती वस्तुहरू अहिलेको सहरी परिवेशका बालबालिकाका लागि केवल दन्त्यकथा जस्ता मात्र हुन सक्छन्। यसले गर्दा जीवन्त रूपमा अनुभव गर्नुपर्ने संस्कृति केवल किताबको पाठमा मात्र सीमित हुन पुग्छ र विद्यार्थीमा नीरसता आउन सक्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूपले स्थानीय विषयवस्तुलाई वर्तमान जीवन र उपयोगी सिपसँग जोड्ने मापदण्ड तोकेको छ। तर यहाँ संस्कृतिलाई केवल विगतको गौरवका रूपमा मात्र प्रस्तुत गरिएको छ। त्यसैले आगामी परिमार्जनमा संस्कृतिलाई इतिहासका रूपमा मात्र सीमित नराखी, बालबालिकाले आफ्नै टोलमा भइरहेका सांस्कृतिक निरन्तरता र आधुनिक परिवर्तनहरूलाई अवलोकन गर्न सक्ने गरी व्यावहारिक परियोजना कार्यहरू थप गर्नु आवश्यक देखिन्छ।

**प्राकृतिक सम्पदा र पर्यावरण**

यसअन्तर्गत पाठ्यपुस्तकको तेस्रो एकाइमा वातावरणीय चेतना र स्थानीय प्राकृतिक स्रोतहरूको दिगो उपयोगसम्बन्धी विषयहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ। कक्षा १ मा बालबालिकाको दैनिक अनुभवमा आउने घरको फूलबारी, टोलका नदी र सडकको सफाइ जस्ता निकटतम विषयहरू राखिएका छन्। कक्षा २ मा कविता, कथाका माध्यमबाट फूलहरू कसरी लगाउने, जोगाउने, जडीबुटीको परिचय र प्रयोग त्यस्तै प्राकृतिक स्रोतको परिचय दिँदै ऐतिहासिक कागेश्वरी मनोहरा मन्दिरको प्राकृतिक वातावरणका बारेमा बुझाइएको छ। कक्षा ३ मा पुगेपछि बाटो, धारा, नदी, पोखरी र स्थानीय जडीबुटीको पहिचानका साथै विद्यालयको सरसफाइ र तरकारी गोडमेल गर्ने व्यावहारिक तरिकाहरू सिकाइएको छ। कक्षा ४ मा वातावरणीय संरक्षण र पर्यटनलाई एकापसमा जोड्दै स्रोत संरक्षणमा सहयोग र फोहरमैला व्यवस्थापनका प्रयोगात्मक पाठहरू समावेश गरिएका छन्। कक्षा ५ मा ऐतिहासिक पर्यटकीय स्थलहरू, होमस्टे तथा होटल व्यवसायको सम्भाव्यता, सामुदायिक वन र जीवजन्तुको संरक्षण जस्ता बृहत् विषयहरू समेटिएका छन्। वातावरण जस्तो संवेदनशील विषयलाई कक्षागत स्तरअनुसार सरलबाट जटिलको क्रममा लैजानु यो पाठ्यक्रमको सबल पक्ष हो। विद्यार्थीहरूले आफ्नै आँखाअगाडि देख्ने नदी, वन र पोखरी जस्ता मूर्त कुराहरूबाट संरक्षणको महत्त्व बुझाउने यो प्रयास बालमनोविज्ञानका दृष्टिले उपयोगी छ। कक्षा ४ र ५ का पाठ्यपुस्तकमा समावेश गरिएका होमस्टे र होटल व्यवसाय जस्ता व्यावसायिक

अवधारणाहरू प्राथमिक तहका बालबालिकाका लागि उनीहरूको उमेरका हिसाबले अलि सैद्धान्तिक देखिन्छन् । यसको सुधारका लागि आगामी परिमार्जनमा लामा पाठहरूलाई छोट्याएर स्थलगत अवलोकन, परियोजना कार्य र ससाना पर्यटनका प्रयोगात्मक क्रियाकलापलाई बढी प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

**स्थानीय उत्पादन र अर्थतन्त्र**

पाठ्यपुस्तकको चौथो एकाइले बालबालिकामा श्रमप्रति सम्मान जगाउने र उद्यमशीलताको जग बसाल्ने उद्देश्य राखेको छ । बालबालिकाको सोचको दायराअनुसार कक्षा १ मा हाम्रो परिवारले गर्ने काम र घरमा प्रयोग हुने सामग्रीको सामान्य परिचय मात्र दिइएको छ । कक्षा २ मा यसको क्षेत्रलाई छिमेकसम्म पुऱ्याएर छिमेकीले गर्ने काम र आफ्नै घरमा करेसाबारी निर्माण गर्ने तरिकाहरू सिकाइएको छ । त्यस्तै उत्पादनमूलक सिकाइलाई जोड दिँदै घरमा प्रयोग हुने काठ, माटो र कपडाका सामानको पहिचान गराइएको छ । कक्षा ३ मा पुगेपछि विभिन्न पेसा तथा व्यवसायहरू, फलफूल तथा तरकारीको परम्परागत भण्डारण, उद्यमशीलता र कौसी खेतीका व्यावहारिक पाटाहरूको बारेमा जानकारी गराइएको छ । कक्षा ४ को पाठ्यपुस्तकलाई अलि फराकिलो बनाउँदै स्थानीय तथा साना घरेलु उद्योग र त्यसमा केके पर्ने जस्ता विषयको बारेमा चर्चा गर्दै अर्गानिक खेती पनि समावेश गरिएको छ । कक्षा ५ को पाठ्यपुस्तकमा वित्तीय साक्षरता र परिवारको हरहिसाब तथा बजेट निर्माण जस्ता आर्थिक व्यवहारसँग सम्बन्धित पाठहरू समावेश गरिएका छन् । सानै उमेरदेखि आर्थिक साक्षरता र आधुनिक सहरी कृषि जस्ता जीवनोपयोगी विषयहरू सिकाउनु यस पाठ्यक्रमको सराहनीय पक्ष हो । यसले बालबालिकालाई किताबमा मात्र सीमित नराखी आफ्नो अभिभावकको पेसा र उत्पादनसँग जोडिन प्रेरित गरेको छ । जुन राष्ट्रिय पाठ्यक्रम प्रारूपको भावनाअनुकूल छ । पाठ्यपुस्तकको वर्तमान संरचना कतिपय ठाउँमा प्राथमिक तहका बालबालिकाको उमेर र गणितीय क्षमताभन्दा माथिको देखिन्छ । विशेष गरी कक्षा ५ मा राखिएको बजेट र हिसाब उनीहरूको उमेरजन्य मनोविज्ञानका हिसाबले केही गाह्रो हुन सक्छ । यसलाई सुधार्नका लागि विद्यालयमै सानातिना कृषि कार्य गर्ने, खुत्रुकेमा पैसा जम्मा गर्ने वा बजारको रोल प्ले जस्ता रमाइला खेलहरू थप्नु आवश्यक देखिन्छ ।

**मानवीय मूल्य र नैतिक शिक्षा**

यस थिमले बालबालिकामा असल चरित्र, सामाजिक मूल्य र मानवीय भावनाको विकास गराउने लक्ष्य राखेको छ । बालमनोविज्ञानको सुरुवाती चरणलाई ध्यानमा राख्दै कक्षा १ मा प्रकृतिलाई नमस्कार र दैनिक सरसफाइजस्ता आचरण सुधारका कुराहरूका साथै कुकुर र बिरालोको कथाका माध्यामबाट बालबालिकालाई झगडा भन्दा मिलेर बस्दा दुवै पक्षलाई सहज हुने भाव व्यक्त गर्ने बालमैत्री कथा राखिएका छन् । कक्षा २ मा विभिन्न जातजातिले मनाउने चाडपर्व र चालचलन सहयोग, दान, व्यायाम र ध्यानको महत्त्व बुझाउनुका साथै 'पिँजडामा सुगा' जस्ता स्वतन्त्रतासम्बन्धी सन्देशमूलक पाठहरू समावेश गरिएका छन् । कक्षा ३ मा स्वास्थ्य, आध्यात्म, खानपान, शारीरिक कसरत र आमाको सम्मान जस्ता पारिवारिक एवं व्यक्तिगत मूल्यहरू समेटिएका छन् । कक्षा ४ मा शुद्ध आहार र विहारको परिचयका साथै यसबाट शरीरमा हुने फाइदाका बारेमा जानकारी दिँदै आमाको सम्मान र संसार एक परिवारजस्ता पाठका माध्यमबाट 'वसुधैव कुटुम्बकम्' मान्यताबाट आफ्नो परिवार ठान्ने भाव व्यक्त गरिएको छ । कक्षा ५ मा यो सिकाइ अझ फराकिलो बन्दै व्रत, उपवास, नागरिक कर्तव्य, योग, सूर्यताप चिकित्सा र गीता सन्देश जस्ता नागरिक तथा आध्यात्मिक मूल्यका विषयहरू पठनपाठनका लागि समावेश गरेको देखिन्छ ।

कथा, गीत र ध्यानका माध्यमबाट बालबालिकामा नैतिक आचरण विकास गराउने यो प्रयास बालमनोविज्ञानअनुरूप सकारात्मक छ । यसले विद्यार्थीलाई असल नागरिक बन्न र आफ्नो परिवार तथा समाजको आदर गर्न सिकाएको छ । तर विशेष गरी कक्षा ५ सम्म पुग्दा समावेश गरिएका आध्यात्मिक दर्शन, उपवास, सूर्यताप चिकित्सा र गीता सन्देश जस्ता विषयहरू गहन र दार्शनिक प्रकृतिका छन् जसलाई पूर्ण रूपमा बुझ्न प्राथमिक तहका बालबालिकाको मानसिक स्तर अझै परिपक्व भइसकेको हुँदैन । राष्ट्रिय मापदण्डले धर्म वा दर्शनभन्दा पनि सामाजिक सद्भाव, मानवीय संवेदनशीलता र दैनिक व्यवहारमा देखिने नैतिकतालाई बढी जोड दिएको देखिन्छ । त्यसैले पाठ्यपुस्तकको यो दार्शनिक ढाँचालाई अलि सरल बनाउनुपर्ने देखिन्छ ।

**काठमाडौँका अन्य नगरपालिकाका स्थानीय पाठ्यक्रमसँग तुलना**

काठमाडौँ उपत्यकाभित्रका मिश्रित सामाजिक बनोट भएका स्थानीय तहहरू नागार्जुन नगरपालिका र बुढानीलकण्ठ नगरपालिकाका स्थानीय पाठ्यक्रमहरूलाई कागेश्वरी मनोहरा नगरपालिकाको 'कागेश्वरी मनोहरा दर्पण' सँग तुलना गर्दा नीतिगत आधार, विषयवस्तुको छनोट र शिक्षाशास्त्रीय पद्धतिमा समानता र भिन्नताहरू फेला पर्दछन् । यी तीनवटै स्थानीय तहले आआफ्नो आवश्यकता र भौगोलिक बनोट अनुसार रैथाने विषयवस्तु समेट्नका लागि पाठ्यक्रम ढाँचा निर्माण गरेका छन् ।

संरचनागत तथा नीतिगत आधारका दृष्टिकोणबाट हेर्दा तीनवटै नगरपालिकाले सङ्घीय कानुन र राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधिभित्रै रहेर शैक्षिक मार्गचित्र तयार पारेका छन् । बुढानीलकण्ठ नगरपालिकाले आफ्नो पाठ्यक्रममा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ को साविकको ढाँचा अनुसरण गर्दै कक्षा १-५ का लागि साप्ताहिक ४ पाठ्यघण्टा (वार्षिक १२८ घण्टा) निर्धारण गरेको छ (पाठ्यघण्टा तथा कार्यान्वयन योजना, पृ. ८५) । नागार्जुन नगरपालिका र कागेश्वरी मनोहरा नगरपालिका दुवैले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को नयाँ व्यवस्थाअनुसार कक्षा १-३ का लागि साप्ताहिक ५ पाठ्यघण्टा (वार्षिक १६० घण्टा) र कक्षा ४-५ का लागि साप्ताहिक ४ पाठ्यघण्टा (वार्षिक १२८ घण्टा) लागु गरेका छन् (नागार्जुन नगरपालिका, २०७९, अध्याय ४ : पाठ्यक्रमको संरचना, कागेश्वरी मनोहरा नगरपालिका, २०८०, अध्याय २ : पाठ्यक्रमको संरचना तथा रूपरेखा) । नीतिगत अद्यावधिकताका हिसाबले बुढानीलकण्ठको तुलनामा कागेश्वरी मनोहरा र नागार्जुनको पाठ्यक्रम राष्ट्रिय मापदण्ड र हालको क्रेडिट आवर प्रणालीसँग सामञ्जस्यपूर्ण देखिन्छन् ।

विषयवस्तुको प्राथमिकता र रैथाने पहिचानको क्षेत्रमा यी तीनवटै नगरपालिकाहरूले आआफ्नो भौगोलिक र सांस्कृतिक विशिष्टतालाई केन्द्रमा राखेका छन् । बुढानीलकण्ठले क्षेत्रभित्र रहेका बुढानीलकण्ठ मन्दिर, रुद्रेश्वर, रुद्रमती र शिवपुरी राष्ट्रिय निकुञ्ज जस्ता स्थापित धार्मिक एवं प्राकृतिक सम्पदालाई मुख्य आधार बनाई पर्यटन प्रवर्धनमा जोड दिएको छ (बुढानीलकण्ठ नगरपालिका, २०७६, अध्याय १ : पृष्ठभूमि तथा क्षेत्र निर्धारण, पृ. २) । नागार्जुन नगरपालिकाले इचङ्गुनारायण, ह्वाइट गुम्बा र शिवपुरी नागार्जुन निकुञ्जको पर्यावरणलाई समेटेको छ (नागार्जुन नगरपालिका, २०७९, अध्याय १ : पृष्ठभूमि, पृ. ११) । नागार्जुनले वातावरणीय प्रदूषण र महानगरीय विपद् व्यवस्थापन जस्ता सहरी चुनौतीहरूलाई प्राथमिक तहदेखि नै विशिष्ट विधाका रूपमा समावेश गरेको छ (एकाइ ४ : वातावरण र विपद् व्यवस्थापन, पृ. १३९) । यी दुवैको तुलनामा कागेश्वरी मनोहरा नगरपालिकाको पाठ्यक्रमको बनोट बहुआयामिक देखिन्छ । यसले आफ्नो क्षेत्रको तामाङ र नेवारी संस्कृतिको संरक्षणसँगै तल्लो

कक्षामा भाषिक सञ्चार र कक्षा ४ र ५ मा संस्कृत भाषा तथा साहित्यलाई समेटेर भाषिक सामञ्जस्यता कायम गर्न खोजेको छ (कागेश्वरी मनोहरा नगरपालिका, २०८०, अध्याय ५ : क्षेत्रगत पाठ्यक्रम विवरण - एकाइ १ : भाषा र सञ्चार, पृ. १८), जुन अभ्यास बुढानीलकण्ठ र नागार्जुनका पाठ्यक्रममा समावेश गरिएको छैन ।

शिक्षाशास्त्रीय पद्धति र विद्यार्थी मूल्याङ्कन प्रक्रियाका दृष्टिकोणबाट जोन डिवेको 'एक्सपेरियन्स एन्ड एजुकेसन' (१९३८) को सिद्धान्तअनुसार हेर्दा कागेश्वरी मनोहरा र अन्य दुई नगरपालिकाबिच व्यावहारिक भिन्नता देखिन्छन् । नागार्जुनले आफ्नो मूल्याङ्कन प्रणालीमा शतप्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनको ढाँचा अपनाउँदै कक्षा कोठाको उपस्थिति, व्यावहारिक परिवर्तन र प्रयोगात्मक प्रस्तुतीकरणलाई अङ्कभारसहित समेटेको छ (नागार्जुन नगरपालिका, २०७९, अध्याय ६ : विद्यार्थी मूल्याङ्कन र मार्किङ प्रणाली, पृ. २४३) । बुढानीलकण्ठको पाठ्यक्रममा पनि अवलोकन भ्रमण र समूहकार्यलाई जोड दिइएको छ (बुढानीलकण्ठ नगरपालिका, २०७६, अध्याय ११ : शिक्षण सिकाइ तथा मूल्याङ्कन विधि, पृ. ८५) । यी दुवैको तुलनामा कागेश्वरी मनोहराको पाठ्यपुस्तकले प्रारम्भिक कक्षा (कक्षा १-३) मा बालमैत्री र गीतखेलमा आधारित विधिलाई निरन्तरता दिए पनि माथिल्लो कक्षा (कक्षा ४ र ५) मा पुग्दा दार्शनिक विषयहरू, जस्तै : गीता सन्देश, सूर्यताप चिकित्सा र अमूर्त गणितीय तथा प्रशासनिक तथ्याङ्कहरू समावेश गरेका कारण यो सैद्धान्तिक ढाँचामा परिणत भएको देखिन्छ (कागेश्वरी मनोहरा नगरपालिका, २०८१, कक्षा ४ पाठ्यपुस्तक– एकाइ ३ : हाम्रो मूल्य, मान्यता र दर्शन, पृ. ३२, कक्षा ५ पाठ्यपुस्तक- एकाइ ५ : स्थानीय अर्थतन्त्र र प्रशासन, पृ. ४५) । तसर्थ, नागार्जुन र बुढानीलकण्ठको तुलनामा कागेश्वरी मनोहराको माथिल्लो प्राथमिक तहका सामग्रीहरूमा क्रियाकलापमुखी विधिका सट्टा सैद्धान्तिक विवरणको मात्रा बढी रहेको देखिन्छ ।

**निष्कर्ष**

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा आधारभूत तहको प्राथमिक चरण (कक्षा १-५) का लागि विकास गरिएको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक शृङ्खला शैक्षिक विकेन्द्रीकरणको दिशामा एक सकारात्मक प्रयास हो । यस पाठ्यक्रमले ज्ञातबाट अज्ञाततर्फ जाने र नजिकबाट टाढाको परिवेश बुझ्ने शिक्षाशास्त्रीय सिद्धान्तलाई आत्मसात् गर्दै बालबालिकालाई आफ्नो थातथलो, रैथाने पहिचान, संस्कृति र रैथाने सिपसँग जोड्न भूमिका खेलेको छ । स्थानीय भूगोल, सांस्कृतिक सम्पदा, पर्यावरण, स्थानीय अर्थतन्त्र र मानवीय मूल्य जस्ता पाँचवटा विधागत थिमहरूलाई बालमनोविज्ञान सुहाउँदो ढङ्गले कक्षागत रूपमा क्रमिक विस्तार गर्नु यस पाठ्यक्रमको सबल पक्ष हो । प्रारम्भिक कक्षामा गीत, खेल, अभिनय र रचनात्मक विधिको प्रयोगले जोन डिवेको अनुभवजन्य सिकाइको दर्शनलाई व्यावहारिक रूपमा अङ्गीकार गरेको छ । पाठ्यक्रमको मार्गचित्र र पाठ्यपुस्तकको बनोटबिच कतिपय स्थानमा व्यावहारिक खाडल रहेको छ । कक्षागत स्तर वृद्धि हुँदै जाँदा पाठ्यसामग्री प्रयोगात्मक ढाँचाबाट विमुख भई सैद्धान्तिक विवरण, प्रशासनिक तथ्याङ्क र दार्शनिक उपदेशहरूमा केन्द्रित भएको पाइन्छ । प्रारम्भिक कक्षाहरूमा समावेश गरिएका क्षेत्रफल र वडागत जनसङ्ख्याको बनोट तथा माथिल्लो प्राथमिक तह (कक्षा ४ र ५) मा राखिएका सूर्यताप चिकित्सा, बजेट निर्माण एवं गीता सन्देश जस्ता विषय बालबालिकाको उमेरजन्य संज्ञानात्मक क्षमता र मानसिक स्तरअनुकूल नरहेको निष्कर्ष यस अध्ययनले निकालेको छ । यसरी सुरुवाती वर्षहरूमा क्रियाकलापमुखी रहेको स्थानीय विषय माथिल्लो कक्षामा पुग्दा पुनः सूचना सङ्कलन र घोकन्ते परिपाटीमा रूपान्तरण हुन पुगेको देखिन्छ ।

**सुझाव**

अध्ययनको नतिजाका आधारमा कागेश्वरी मनोहरा नगरपालिकाको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई हेर्दा पछिल्ला संस्करणका तुलनामा केही राम्रा सुधारहरु भएका छन्। तर, यस स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई अझ व्यावहारिक, बालमैत्री र विद्यालयको परिवेशअनुकूल बनाउन आवश्यक देखिन्छ। यसका लागि पाठ्यपुस्तकमा रहेका जटिल तथ्य, प्रशासनिक विवरण तथा गाह्रा दार्शनिक विषयहरू हटाई विद्यार्थीको उमेरअनुसार बुझ्न सजिला सामग्री राख्नुका साथै भूगोल र वातावरणसम्बन्धी पाठमा चित्रसँगै नक्सा प्रयोग गरी स्थानीय चोक, नदी र सिमाना चिनाउने अभ्यासहरू थप गर्नुपर्ने देखिन्छ। त्यसैगरी, कक्षा ४ र ५ मा वित्तीय साक्षरता र बजेटसम्बन्धी विषयलाई व्यवहारिक बनाउन खुत्रुके बचत, घरको आम्दानी-खर्च लेख्ने जस्ता क्रियाकलाप समावेश गर्दा सिकाइ बढी प्रभावकारी हुने देखिन्छ। सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीहरूको फरक आवश्यकताअनुसार प्रयोग गर्न मिल्ने लचिला अभ्यास पनि राख्दा सिकाइ सहज हुने देखिन्छ। केवल लिखित परीक्षामा निर्भर नरही अवलोकन, क्षेत्र भ्रमण र समुदायसँगको अन्तरक्रियामार्फत निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्दा पाठ्यक्रम अझ प्रभावकारी र उपयोगी बन्न सक्ने देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, शीतल (२०८१). नेपालमा स्थानीय पाठ्यक्रम : निर्माण र कार्यान्वयनका समस्या तथा चुनौतीहरू (लोकल क्युरिकुलम इन नेपालः प्रब्लम्स एन्ड च्यालेन्जेज इन डेभलपमेन्ट एन्ड इम्प्लिमेन्टेसन). दिव्यज्योति जर्नल ६(१), १०३-११८। https://doi.org/10.3126/dj.v6i1.72048

कागेश्वरी मनोहरा नगरपालिका (२०७६). स्थानीय पाठ्यक्रमको खाका र निर्देशिका. शिक्षा शाखा, डाँछी, काठमाडौँ। https://kageshworimanoharamun.gov.np

कागेश्वरी मनोहरा नगरपालिका (२०८०). कागेश्वरी मनोहरा दर्पण : आधारभूत तह (कक्षा १-८) को स्थानीय विषयको पाठ्यक्रम. नगर कार्यपालिकाको कार्यालय, थली, काठमाडौँ।

कागेश्वरी मनोहरा नगरपालिका (२०८१). कागेश्वरी मनोहरा दर्पण : स्थानीय विषयको पाठ्यपुस्तक (कक्षा १-५). शिक्षा शाखा, थली, काठमाडौँ।

नेपालको संविधान (२०७२). कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय. सिंहदरबार, काठमाडौँ। http://www.lawcommission.gov.np

नेपाल सरकार (२०७४). स्थानीय सरकार सञ्चालन ऐन, २०७४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौँ। http://www.lawcommission.gov.np

नेपाल सरकार (२०७५). अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौँ। http://www.lawcommission.gov.np

नागार्जुन नगरपालिका (२०७९). हाम्रो नागार्जुन : स्थानीय विषयको पाठ्यक्रम (कक्षा १-८). नगरकार्यपालिकाको कार्यालय, शिक्षा शाखा, हरिसिद्धि, सीतापाइला, काठमाडौँ।

पाठ्यक्रम विकास केन्द्र (२०७६). स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि अभिमुखीकरण निर्देशिका. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सानोठिमी, भक्तपुर।

पाठ्यक्रम विकास केन्द्र (२०७६). राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सानोठिमी, भक्तपुर। https://moecdc.gov.np

पौडेल, गङ्गाराम (२०२४). स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमा पारेको प्रभाव. रिसर्च जर्नल ९(१)। शिक्षा

विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

बुढानीलकण्ठ नगरपालिका (२०७६). हाम्रो बुढानीलकण्ठः स्थानीय पाठ्यक्रम (कक्षा १-८). नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखा, काठमाडौँ ।

राउत, यशोदा (२०७१). स्थानीय पाठ्यक्रम निर्माणको अवस्था. अप्रकाशित स्नातकोत्तर शोधपत्र. पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ, त्रिभुवन विश्वविद्यालय । https://elibrary.tucl.edu.np

लामा, सेरबहादुर (२०६८). स्थानीय पाठ्यक्रमः निर्माण र कार्यान्वयनको अवस्था. अप्रकाशित स्नातकोत्तर शोधपत्र. पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर । https://elibrary.tucl.edu.np

वाग्ले, रामचन्द्र (२०८१). मातृभाषा र रैथाने कलामा आधारित शिक्षणः एक समाजशास्त्रीय दृष्टिकोण. समाजशास्त्र अध्ययन जर्नल १२(२), ४५-६२ ।

सजिलो पत्रिका (२०८१). कागेश्वरी मनोहरा नगरपालिकाः इतिहास, भूगोल र विकास. सजिलो पत्रिका विकी पोर्टल | https://sajilopatrika.com/wiki/kageshwori-manohara-municipality

सुवेदी, खिमराज (२०१८). लोकल क्युरिकुलम इन स्कूल्स इन नेपालः ए ग्याप बिट्विन पोलिसीज एन्ड प्र्याक्टिसेज -Local curriculum in schools in Nepal, A gap between policies and practices). जर्नल अफ एजुकेसन एन्ड रिसर्च ८(१), ६६-८२ । https://files.eric.ed.gov/fulltext/ED588861.pdf

शैक्षिक सूचना (२०७८). नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, ई-लाइब्रेरी । http://elibrary.moest.gov.np/bitstream/123456789/218/1/1709922953_73.pdf

Dewey, J. (1938). *Experience and education*. Kappa Delta Pi. https://files.eric.ed.gov/fulltext/ED481922.pdf

Krippendorff, K. (2018). *Content analysis: An introduction to its methodology* (4th ed.). SAGE Publications, Inc. https://us.sagepub.com/en-us/nam/content-analysis/book258450 SAGE Publications

Piaget, J. (1952). *The origins of intelligence in children* (M. Cook, Trans.). International Universities Press. https://books.google.com/books/about/The_Origins_of_Intelligence_in_Children.html?id=H7MkAQAAMAAJ

Vygotsky, L. S. (1978). *Mind in society: The development of higher psychological processes*. Harvard University Press. https://www.hup.harvard.edu/books/9780674576292 Harvard University Press

*Resource material on education and federalism in Nepal* (2014).
युनेस्को काठमाडौँ/शिक्षा मन्त्रालय ई-लाइब्रेरी ।